(ख) "आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्ग" भन्नाले सम्बन्धित स्थानीय तह वा स्थानीय तह अन्तर्गतका वडाले सिफारिश गरेका वर्ग समुदाय सम्झनु पर्छ।

(ग) "उद्यमी युवा" भन्नाले आर्थिक रुपले सक्रीय २१ वर्ष देखि ४० वर्षसम्मका उमेर समूहका प्राकृतिक व्यक्ति वा त्यस्ता व्यक्तिबाट सञ्चालित फर्म, कम्पनी र संस्था सम्झनु पर्छ ।

(घ) ✂----

(ङ) "ऋणी" भन्नाले यस कार्यविधि बमोजिम बैङ्क तथा वित्तीय संस्थाबाट सहुलियतपूर्ण ब्याजदरमा ऋण प्राप्त गर्ने ऋणीलाई सम्झनु पर्छ।

(च) *"ऋण लगानी रकम" भन्नाले प्रदेश सरकारले ऋण लगानी प्रयोजनका लागि विनियोजन गरेको रकम सम्झनु पर्छ।

(छ) "दलित समुदाय" भन्नाले स्थानीय तह वा स्थानीय तह अन्तर्गतका वडाले दलित समुदाय भनी सिफारिस गरेको समुदाय सम्झनु पर्छ।

(ज) "परियोजना जमानी" भन्नाले यस कार्यविधि बमोजिम ऋण प्रवाह गर्दा जुन परियोजनामा लगानी गरिएको हो सोही परियोजनाको जमानी सम्झनु पर्छ।

(झ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ञ) "बैङ्क" भन्नाले कृषि विकास बैङ्क लिमिटेड सम्झनु पर्छ ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको।

* पहिलो संशोधनद्वारा संशोधित।

आन्तरिक प्रयोजनका लागि मात्र

(ट) "ब्याजदर" भन्नाले यस कार्यविधि बमोजिम लगानी गर्दा बैङ्क तथा वित्तीय संस्थालाई सञ्चालन खर्च बापत ऋणीबाट लिन सक्ने गरी व्यवस्था गरिएको ब्याजदर सम्झनु पर्छ।

(ठ) "भण्डारण" भन्नाले प्रदेशमा कुनै पनि प्राथमिक कृषि उपज (तरकारी, फलफूल, जडीबुटी, दुग्ध पदार्थ तथा माछा मासु आदि) उत्पादन गरी भण्डारण गर्ने कार्य सम्झनु पर्छ र सो शव्दले प्रदेशमा प्राथमिक कृषि उपज खरिद गरी भण्डारण गर्ने कार्यलाई समेत जनाउँछ।

(ड) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनु पर्छ।

(ढ) "महिला उद्यमशीलता ऋण" भन्नाले महिलालाई एकल वा सामूहिक रुपमा उद्यमशील बन्न प्रवाह हुने ऋण सम्झनु पर्छ।

(ण) "वित्तीय संस्था" भन्नाले प्रचलित कानून बमोजिम नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड सम्झनु पर्छ।

(त) "समिति" भन्नाले दफा ६ बमोजिमको कार्यान्वयन तथा अनुगमन समिति सम्झनु पर्छ।

(थ) "सम्बन्धित मन्त्रालय" भन्नाले यस कार्यविधि बमोजिमको कार्यक्रमसँग सम्बन्धित प्रदेश सरकारको विषयगत मन्त्रालय सम्झनु पर्छ।

(द) "सामूहिक जमानी" भन्नाले समूहको सामूहिक उत्तरदायित्वमा प्रवाह गरेको ऋण भुक्तानीको लागि

आन्तरिक प्र

## अनुसूची-१२

(दफा १८ सँग सम्बन्धित)

**<u>बैङ्क/वित्तीय संस्थाले पेश गर्ने त्रैमासिक/ वार्षिक विवरण तथा प्रतिवेदनको ढाँचा</u>**

.............. बैङ्क/वित्तीय संस्था लि.

............साल ................. मसान्तको सहुलियतपूर्ण ऋणको त्रैमासिक/वार्षिक विवरण

| | | अघिल्लो त्रैमासिकसम्म | | | यस त्रैमासिकमा | | | यस त्रैमासिकसम्ममा | | | लगानीमा रहिरहेको बाँकी ऋण (ऋण वक्यौता) | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | लक्षित समूह | प्रवाहित ऋण | | प्राप्त ब्याज | प्रवाहित ऋण | | प्राप्त ब्याज | प्रवाहित ऋण | | कुल ब्याज | संख्या | रकम | |
| | | संख्या | रकम | रकम | संख्या | रकम | रकम | संख्या | रकम | रकम | | | |
| १ | अनुसूची-१ को क्षेत्रमा प्रवाह गरेको ऋणको विवरण | | | | | | | | | | | | |
| २ | अनुसूची-२ को क्षेत्रमा प्रवाह गरेको ऋणको विवरण | | | | | | | | | | | | |
| ३ | अनुसूची-३ को क्षेत्रमा प्रवाह गरेको ऋणको विवरण | | | | | | | | | | | | |
| ४ | अनुसूची-४ को क्षेत्रमा प्रवाह गरेको ऋणको विवरण | | | | | | | | | | | | |
| ५ | अनुसूची-५ को क्षेत्रमा प्रवाह गरेको ऋणको विवरण | | | | | | | | | | | | |
| ६ | अनुसूची-६ को क्षेत्रमा प्रवाह गरेको | | | | | | | | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

